आज मिति २०८० फाल्गुण २७ गते विहान ८ बजे भेरीगंगा नगर कार्यपालिकाको ४९ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिलबमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिंह बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेम बहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डांगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारीहरु :**

श्री मानवहादुर ठाडा, लेखा अधिकृत
श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं, प्रशासन शाखा
श्री कुलवहादुर खड्का, प्रशासन शाखा
श्री डिल कुमारी राना, कार्यालय सहयोगी
श्री कृष्ण वहादुर शाही, कार्यालय सहयोगी

| क्र.सं. | बैठकका एजेण्डाहरु |
| --- | --- |
| १. | नगरसभामा पेश भएका बिधेयक सम्बन्धमा । |
| २. | भेरीगंगा नगरपालिका कार्यसञ्चालन निर्देशिका २०८० पारित सम्बन्धमा । |
| ३. | SUSWA परियोजना अन्तर्गतका योजना सिफारिस सम्बन्धमा । |
| ४. | विविध सम्बन्धमा । |

## <u>मिति २०८०।११।२७ गतेको नगर कार्यपालिका बैठकमा भएका निर्णयहरु :</u>

**प्रस्ताव नं. १ : नगरसभामा पेश भएका बिधेयक सम्बन्धमा ।**

**निर्णय नं. १ :** यस नगरपालिकाको १४औं नगरसभाको मिति २०८०।११।२१ गते बसेको पहिलो बैठकमा पेश गरिएका तपसिलबमोजिमका बिधेयकहरु तपसिल अनुसार पारित गरी स्वीकृतीका लागि नगरसभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>तपशिल</u>

१. भेरीगंगा नगरपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० पारित गर्ने।

२. भेरीगंगा नगरपालिकाको संस्था दर्ता विधेयक, २०८० पारित गर्ने।

३. भेरीगंगा नगरपालिकाको वन संरक्षण विधेयक, २०८० पारित गर्ने।

४. भेरीगंगा नगरपालिकाको दलित शसक्तीकरण विधेयक, २०८० संसोधन सहित पारित गर्ने।

५. भेरीगंगा नगरपालिका नगर योजना आयोग (गठन तथा सन्चालन) विधेयक, २०८० अर्को सभामा पेश गर्ने गरी फिर्ता लिने।

**प्रस्ताव नं. २ : भेरीगंगा नगरपालिका कार्यसञ्चालन निर्देशिका २०८० स्वीकृत गर्ने सम्वन्धमा ।**

**निर्णय नं. २ :** यस भेरीगंगा नगरपालिकाबाट सन्चालन गरिने बिभिन्न कार्यक्रमहरु र नगरपालिका कार्यालयबाट सम्पादन गरिने कार्यहरुलाइ थप ब्यबस्थित गर्न प्रश्ताव गरिएको भेरीगंगा नगरपालिका कार्यसञ्चालन निर्देशिका २०८० लाइ संसोधन सहित स्वीकृत गर्ने र स्थानीय राजपत्रमा प्रकाशित गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रश्ताव नं. ३ : SUSWA परियोजना अन्तर्गतका योजना सिफारिस सम्वन्धमा ।**

**निर्णय नं. ३ :** SUSWA परियोजना र यस भेरीगंगा नगरपालिकाको सहलगानीमा आगामी आ व २०८१।०८२ का लागि तपसिल अनुसारका खानेपानी योजना र शौचालय निर्माणका योजनाहरु छनौट गरी सम्बन्धित निकायमा सिफारिस गर्ने र SUSWA परियोजनासंग सहलगानीका लागि यस नगरपालिकाको

तर्फबाट उक्त परियोजना अन्तर्गतको कुल बजेटको २२ बाइस प्रतिशतले हुन आउने रकम आगामी बजेटबाट बिनियोजन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>तपशिल</u>

<u>खानेपानी योजनातर्फ सिफारिस</u>

१. सालघारी खानेपानी तथा सरसफाइ योजना, भेरीगंगा वडा नं . १
२. कुटीखोला सानोकुटी सिस्नेखुटी खानेपानी तथा सरसफाइ योजना, भेरीगंगा वडा नं. ३
३. बबइहात्तीखाल खानेपानी तथा सरसफाइ योजना, भेरीगंगा वडा नं. ५
४. भक्केमुल टोल खानेपानी तथा सरसफाइ योजना, भेरीगंगा वडा नं .१३

<u>शौचालय निर्माण योजनातर्फ सिफारिस</u>

१. नेरा मा वि भर्याङ भेरीगंगा वडा नं . १
२. नेरा प्रा वि मुलपानी भेरीगंगा वडा नं. ७
३. भगवती प्रा वि भिमपुर भेरीगंगा वडा नं. ११
४. लालिगुराँस मा वि रामघाट भेरीगंगा वडा नं .१३

**प्रशताव नं. ४ : बिबिध सम्बन्धमा ।**

**निर्णय नं. ४ (क):** यस भेरीगंगा नगरपालिकाको कार्यालयमा काम गर्ने गरी तपसिल अनुसारका ब्यक्तीहरुलाइ तपसिल अनुसारको पदमा दैनिक ज्यालादारीमा माथिल्लो स्तरको कार्यालय सहयोगी सरह सेवासुबिधा पाउने गरी नियुक्ती गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>तपसिल</u>

१. धनसरा बि क भेरीगंगा नगरपालिका वडा नं. ९ सुर्खेत, नगर उपप्रमुखको कार्यकक्षमा सरसफाइकर्मी
२. सुंस्मीता पुन मगर भेरीगंगा नगरपालिका वडा नं. ४ सुर्खेत, हेल्पडेस्कमा सरसफाइकर्मी

**निर्णय नं. ४ (ख):** जिल्ला सुर्खेत भेरीगंगा नगरपालिका वडा नं १२ छिन्चु स्थित सार्बजनिक जग्गामा बस्ने भवि सुनारले पालिका नजिकै रहेको ७ रोपनि सार्बजनिक जग्गा कब्जा गरी बेचबिखन गरेको सरकारी जग्गा सरकारकै स्वामित्वमा फिर्ता गर्न आदेश गरेकोमा हाल आएर समेत सो सरकारी जग्गामा रहेका घरटहराहरु समेत नहटाइएको सम्बन्धमा जानकारी गराइदिने सम्बन्धमा अक्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेत र जिल्ला प्रशासन कार्यालय सुर्खेतबाट प्राप्त पत्रको बिषयमा यस नगरपालिका भित्रका राजनितिक दलका प्रतिनिधिहरुको सर्बदलिय बैठकको सुझाव समेतलाइ आत्मसाथ गरी निज भवि सुनार समेतका ब्यक्तीहरु कुन आधारमा उक्त जग्गामा बसेका हुन उनीसंग भएको जग्गा सम्बन्धि कागजातहरु माग गर्न पत्राचार गर्ने र प्राप्त कागजातहरु सम्वन्धित निकायमा पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो।